# भाषा विवाद र उपराष्ट्रपतिको अकडपन

सन्तोष न्यौपाने
वाणगंगा १, पिपरा, कपिलवस्तु
हाल: बेल्जियम

जन आन्दोलन दुईपछि जाती र भाषाका कुरा निकै उठ्ने गरेका छन् । त्यो भन्दा अगाडी सबै जातजातीले आआफना मातृभाषाहरु आ आफना ठाउँमा बोलेता पनि सबैले पढ्ने लेख्ने र अफिसहरुमा कामकाज गर्ने साझा भाषाको रुपमा बिकसित भएको भाषा अरु थिएनन् नेपाली नै थियो । त्यही भएकोले यसैलाई राष्ट्रभाषाको मान्यता दिईयो । अहिले जसरी नेपाली भाषालाई ब्राहमण क्षेत्रीको भाषा भनिन्छ त्यसमा पनि सत्यता छैन । ब्राहमणहरु पहिला संस्कृत बोल्थे भन्ने ईतिहास पढ्न पाईन्छ । नेपाली न त ब्राहमणको मात्र भाषा हो न त क्षेत्री ठकुरीहरुको नै । यो भाषा संस्कृत लगायत,पाली,उर्दू,हिन्दी,अंग्रेजी,सौरसेनी लगायतका अनेकथरि भाषाको समिश्रणबाट बिकसित भएको भाषा हो । यसको प्रमाण खोज्ने हो भने कुनै न कुनै शब्द एउटा न एउटा भाषाका शब्दसंग मिलेको पाईन्छ । यसरी नेपाली भाषा बन्न पुग्यो । ठकुरी, राजा,राणा बाहुन, दमाई कामी ,सार्की लगायतका जातजातीले अहिले बोल्ने भाषा यसरी नै बिकसित भएको हो । यसरी बिकसित भएको भाषा लेख्न पढ्न र बोल्न ,सरल भएकोले यसैलाई राष्ट्रभाषाको स्थान दिईयो ।

जसरी हरेक ठाउँका मान्छेको रुपरङ्ग,भेषभूसा,फरकहुन्छ त्यस्तै बोलिने भाषा पनि फरक हुन्छन् । हिमाली भागमा बसोबास गर्ने बिभिन्न जाती ,पहाडी भेगमा बसोबासगर्ने बिभिन्न जाती र तराईमा बस्ने बिभिन्न जातजाती सबैका बोलीचालीका भाषा फरकफरक छन्ति सबैका आआफना मातृ भाषा हुन् । मातृभाषा मातृ भाषा नै हुन्छ त्यो राष्ट्रभाषा हुदैन । एउटै भूगोल भित्र बसोबासगर्ने अनेक जातजाती र भाषाभाषीका बिच समन्वय कायम गर्ने र फरकपनमा पनि एकरुपता देखाउने माध्यम भनेको राष्ट्रभाषा हो र हाम्रो देशको परिबेशमा नेपाली नै राष्ट्रभाषा बन्यो । त्यसैले सबैको प्रतिनिधित्वगर्ने भाषालाई राष्ट्रभाषाका रुपमा बिकसित र परिमार्जन गर्दै लान सकिने भएकोले नै नेपाली भाषालाई राष्ट्रिय भाषाको मान्यता दिईएको हुनुपर्छ ।

अहिलेको नेपाली भाषा पनि पहिला यही रुपमा थिएन जो हामी पृथ्वीनारायण शाह, भानुभक्त, मोतिराम भट्ट कालिन अभिलेखहरु पढ्दा थाहा पाउँछौ । भया, खाया गरयाको, खायाको,जस्ता अनेक शब्द र वाक्यांशहरु पाईन्छन् जो अहिलेको नेपाली बोल्नेलाई पनि बुझ्न र लेख्न गाह्रो छ । अहिलेको नेपाली भाषामा धेरै थरिका आगन्तुक शब्दहरु छन् । यिनमा नेपाली, नेवारी, हिंन्दी, उर्दू, अंग्रेजी, संस्कृत, पाली, सौरसेनी लगायतका धेरैथरिको समिश्रण पाईन्छ । यिनै धेरैथरि समिश्रणबाट एउटा सिङ्गो नेपाली राष्ट्रभाषा तयार भएको छ । यसरी तयार भएको भाषालाई त्यतिबेलाका भाषाविद् र शाषक प्रशाषकहरुको सर्मथन रहेर नै निर्क्यौल गरिएको होला । उनिहरुको निर्णय बाटै यसलाई राष्ट्रिय भाषाको मान्यता दिईयोहोला । जस्तो अहिलेको व्याकुल माईलाको गीत सयौ फूलका थुङ्गा हामी एउटै माला नेपाली भन्ने गीतलाई राष्ट्रिय गीतको रुपमा छानियो र केही बिवादका बाबजुद सबैले स्वीकारियो । भाषाको कुरा पनि त्यस्तै हो । नेपाली भाषा पनि सबैबाट स्वीकारिएको चलनचल्तीको भाषाहो । यसैले सबैको राष्ट्र भाषा हो । आफुलाई मधेशबादी भन्नेहरुलाई यो भाषासंग किन यति दुराग्रह हो बुझ्न

सकिएन ? बिशेषगरि तमलोपा,फोरम,सदभावना लगायतका पार्टीहरुलाई । त्यहाँ पनि सबैका आ आफना मातृभाषा छन् । मातृभाषामा उनिहरुको सबै कुराकानी वरब्यवहार चल्छ । दुईचारजना भारतबाट नेपाल भित्रिएकाहरुले हिन्दी भित्राएर बोले भन्दैमा कसरी यो दोश्रो राष्ट्रभाषामा पर्छ ? हिंन्दी नेपालको भाषा नै होईन । अनौपचारिक रुपमा बुझ्ने,बोल्ने फरक कुरा हो ।

मानौ सबै जातजातीका भाषाले सरकारी कामकाजको भाषाको रुपमा मान्यता पाउने समय आएछ भने त्यसपछिको कुरा बेग्लै हो । देशमा लोकतान्त्रिक गणतन्त्र आएको छ । देश संघियतामा जाने तरखरमा छ । गणतान्त्रिक नेपालको संबिधान बन्न बाकी नै छ । सबैकुरा अन्तरिम संबिधान अनुसार चलेको छ । नया संबिधान बनेपछि नियम, कानुन बन्लान् । त्यतिबेला आ आफनो मातृभाषामा सपथ लिन पाईने ब्यवस्था बन्ला तर अहिले देश न त संघियस्वरुपमा बिभाजन भएको छ, न त गणतान्त्रिक संबिधान नै बनेको छ । अहिले देशमा अन्तरिम अवस्था छ । अन्तरिम अवस्थामा अन्तरिम संबिधानमा लेखिएको नीतिनियम,कानुन सबैले पालना गर्नुपर्नेहुन्छ । अझै भन्नुपर्दा सर्बोच्च अदालतको निणर्य त सबैले मान्नुपरयो । नमान्ने भए पदबाटै राजीनामा दिनुपरयो । जो मधेशबादी दल लगायत अरुले पनि भनेकै छन् ।

उपराष्ट्रपति परमानन्द झाले आफुलाई के ठाने र हिंन्दी भाषामा सपथग्रहण लिए ? जो आफै पनि न्यायधिश नै हुन् । देशको बर्तमान अन्तरिम समयका नियम कानुन संबिधानका धारा,उपधारा सबै उनलाई पनि थाहा थियो । के चर्चामा आउन कै निम्ती उनले बखेडा निकालि रहेका हुन् वा भारत भक्ति देखाउन । राष्ट्रपति पनि त मधेश कै हुन् नि । उनले राष्ट्रपतिका हैसियतले गरेका अन्य गतिबिधिलाई छाडेर सपथग्रहणका बेलाका मात्र कुरा गर्दा, उनि त दौरासुरुवालमा सजिएर नेपालीमा शपथ लिएका थिए । उनको मातृभाषा पनि नेपाली त थिएन । उनले पनि हिंन्दीमा सपथ लिन सक्थे किन लिएनन् ? अर्को कुरा उपराष्टपतिले मैले नेपाली बुझिदन भन्दै नेपाली नै बोल्दै अरुलाइृ जवाफ दिईरहेका देखिन्छन् । त्यो कस्तो नाटक उनले गरेका हुन् ? एकातिर नेपाली बुझ्दिन भन्ने अर्कोतिर त्यही वाक्य नेपाली मै भन्ने कस्तो हासोउठ्दो कुरा गर्छन् उनि ? यदि नेपाली बुझ्दैनथे भने अहिलेसम्म न्यायधिश बनेर कसरी काम गरे उनले कसरी मुद्दामामलाको फैसला गरे । यो सब फटयाइँ कुरा मात्र हो । उनैको स्वरमा स्वर मिलाउदै अन्य मधेशबादी नेताहरुले सर्बोच्चको फैसलाले मधेशीको भावनामा ठेस पुगेको अभिब्यक्ति दिएका छन् । कसरी ठेस पुग्छ सर्वोच्चको त्यो फैसलाले ? मधेशमा बस्ने सबैको प्रतिनिधित्व त हिंन्दी भाषाले गर्दै गर्दैन । बरु उनले आफना गाउँठाउँको मातृभाषामा सपथ लिएको भए सबैलाई मान्य हुने थियो यत्रो बिवाद चर्कने थिएन । हो अब भने संबिधानमा सार्वजनिक पद ग्रहण गर्नेले मातृभाषामा सपथ लिन पाउने ब्यवस्था गर्ने पहल उपराष्ट्रपतिले गर्नुपर्ला ।

भाषा बिवादले अहिले नागरिकलाई अलि उत्तेजित र आन्दोलित बनाएको छ । जो हुनुहुदैनथ्यो । सरकारको जिम्मेवार पदमा आसिन ब्यक्तिले नै अगाडी पछाडी नसोची हुईममा आएर नियम कानुन बिपरितका काम गरेपछि अरुले के गर्लान ? हुन त सरसरी पढ्दा त्यो सपथग्रहण पत्र एउटा राष्ट्रसेवकले इश्वरलाई साक्षी राखेर सधै देश र जनताको पक्षमा काम गर्नेछु भन्ने प्रतिज्ञा पत्र हो । जुन भाषामा पढेपनि कुरो उही नै हो तर सबै देशका आ आफना मूल्य र मान्यता हुन्छन् । राष्ट्र चिनाउने र राष्ट्रको गौरव बढाउने र राष्ट्रको शीर उँचो राख्ने दुइृचारवटा बिशेष कुराहरु हुन्छन् । ति मूल्य र मान्यतालाई यो देशको भूगोल भित्र बस्ने जुनसुकै जातजाती भाषा भाषी नै किन नहोउन सबैले मान्नुपर्छ । उपराष्ट्रपति परमानन्द झाले नेपाली भाषामा लेखिएको शपथ पत्र हिंन्दी भाषामा उल्थागरि वाचन नगरी जस्ताको तस्तै

पढेको भए पनि त हुन्थ्यो । उनले हिंन्दीमा सपथपत्र पढेर सच्चा मधेशबादी देखाउन खोजेका हुन् भनेपनि मधेशको भाषा हिन्दी होईन । सार्वजनिक पदमा आसिन ब्यक्तिहरु औपचारिक कार्यक्रमा बोल्दा पहिले बिचार पुर्याउनु पर्छ । परमानन्दले पनि बिचार पुर्याउनु पर्थ्यो । उनि हुईममा आएर धोतीकुर्तामा सजिएर सपथग्रहण समारोहमा हानिए अनि सपथ पनि हिंन्दी मै लिए । यो राष्ट्रिय भाषाको अपमान नै हो जवसम्म नया संबिधान बन्दैन । राष्ट्र भाषाको अपमान नेपालीले सहन सक्ने कुरा पनि भएन बिरोध शुरु भयो । सडकमा टायर बले, पुनःनेपालीमा सपथ लिनुपर्ने माग गरियो । यो मुद्दा अदालतमा पुग्यो । अहिले हिन्दी भाषा प्रकरणमा मुछिएका उपराष्ट्रपति परमानन्द झालाई सर्बोच्च अदालतले एकहप्ताभित्र नेपाली भाषामा सपथग्रहणगर्न आदेश दिएको छ । उनले पटकपटक नेपालीमा सपथ नलिने अभिब्यक्ति दिएका छन् । अदालतको आदेशको दिन पनि सकिदै छ । आफुलाई मधेशबादी हौं भन्ने दलहरु ल्गायत माओबादी नेता प्रचण्डले समेत उपराष्ट्रपतिलाई राजीनामा दिन सुझाव दिएका छन् । अहिले उपराष्ट्रपति परमानन्द झा प्रधानमन्त्री माधव नेपाल र राष्ट्रपति रामवरण यादवसंग सरसल्लाहमा ब्यस्त छन् । उनिहरुले उपराष्ट्रपतिलाई नेपालीमा सपथलिन सुझाव दिएका छन् । उनले नेपालीमा सपथ लिन्छन् वा राजिनामा दिन्छन् दुइदिनपछि थाहा हुनेछ । नेपालीमा सपथ लिएमा यो प्रकरण समाप्त हुनेछ भने राजिनामा दिएमा उनले भोगचलनगर्दै आएको उपराष्ट्रपतिको हैसियतको सरकारी सुबिधा सबै छाड्नु पर्ने छ ।